मिति २०७९/०१/०४ गते बसेको यस गाउँकार्यपालिका बैठकका प्रस्तावहरु

१) पाँच वर्षिय कार्यकाल समिक्षा सम्बन्धमा ।

२) बैंक शाखा विस्तार स्वीकृत सम्बन्धमा ।

३) स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन नतिजा प्रकाशन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १- प्रस्ताव नं. १ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा जनप्रतिनिधिहरु निर्वाचित पश्चात विगत पाँच वर्षमा भएका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद व्यबस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा भएका कार्यक्रमहरुको समिक्षा गरियो ।

निर्णय नं. २- प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल बैंक लिमिटेडलाई सम्पुर्ण सरकारी कारोवार गर्ने गरी निस्दी गाउँपालिकामा शाखा विस्तार गर्नको लागि स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. ३- प्रस्ताव नं ३ माथि छलफल गर्दा स्थानीय तह वित्तिय सुशासन जोखिम स्वमूल्यांकन गर्दा निस्दी गाउँपालिकाले कुल १०० अंकमा ५२.५ अंक प्राप्त गरेको देखियो र प्राप्त स्वमूल्यांकनलाई पुन मूल्यांकनको लागि जिल्ला समन्वय समितिको कार्यालय, तानसेन पाल्पालाई पठाउने निर्णय गरियो ।